# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०५।०६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

नापी कार्यालय कलङ्की, काठमाडौंमा कार्यरत सर्भेक्षक हरी ओली र कार्यालय सहयोगी अमरलाल श्रेष्ठले जग्गाको कित्ताकाट ट्रेस नक्शा तायर पार्ने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१५,०००।- (पन्ध्र हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुदाँ निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निजहरुलाई जनही बिगो रु.१५,०००।- (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता